नेपाल सरकार
# स्वास्थ्य तथा जनसंख्या मन्त्रालय

फोन नं.: ४-२६२५४३
४-२६२५९०
४-२६२९३५
४-२६२८९६
फ्याक्स: ४-२६२८९६
Website: mohp.gov.np

प.सं.: २०७१।०७२
च.नं. :

रामशाहपथ
काठमाडौ, नेपाल

मिति: २०७२।०१/२०

**बिषय: उद्धारकर्ता, घाईते एवं आम नागरिकहरुलाई जानकारीको लागि स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले जारी गरेको प्रेस विज्ञप्ती**

भूकम्प पिडित तथा घाईतेहरुको उद्धार, उपचार तथा बिपद पश्चात हुने महामारीजन्य रोगहरु रोकथामको लागि स्वास्थ्य तथा जनसंख्या मन्त्रालयबाट मिति २०७२/०१/२० गते सम्म गरेको कार्य देहाय बमोजिम रहेको कुरा सबैको जानकारीको लागि प्रेषित गरिन्छ ।

## १. राष्ट्रिय तथा अन्तराष्ट्रिय उद्धारकर्मी तथा उपचार टोलीहरुको परिचालन तथा अनुगमन

- मिति २०७२/०१/२० गते सम्म स्वास्थ्य तथा जनसंख्या मन्त्रालयबाट ७४ वटा अन्तराष्ट्रिय टीम परिचालन भएका छन् जसमा ७०० भन्दा बढी मेडिकल बिशेषज्ञहरु रहेका छन् ।
- १०० भन्दा बढी राष्ट्रिय तथा गैर आवाशिय नेपाली मेडिकल बिशेषज्ञहरुको टिम परिचालन भएका छन् जसमा १००० भन्दा बढी डाक्टर, नर्स र स्वास्थ्यकर्मीहरु भूकम्प प्रभावित क्षेत्रहरुमा परिचालन गरिएको छ ।
- माननीय स्वास्थ्य तथा जनसंख्या मन्त्री श्री खगराज अधिकारीज्यूबाट रामदलगणमा India field hospital, बुग्मती, खोकनामा बङ्गलादेश मेडिकल टिमको, इजराइली अस्पताल छाउनीको, सल्लाघारीमा पाकिस्तान मेडिकल टिमको नीरिक्षण गर्नु भएको छ ।
- Bangladesh North East Medical Team सिन्धुपाल्चोको मेलम्चीमा, Fu Medical International Aid सिन्धुपाल्चोकको जलबिरेमा, Medical National Hospital सिन्धुपाल्चोकको ऐसेलुखर्कमा, Spain SOS Himalayan भक्तपुरमा, UK Med International काठमाण्डौको जोरपाटीमा रहेको अर्थोपेडिक अस्पतालमा, UK Medical Team धुलिखेल अस्पताल र काठमाण्डौंको प्रहरी अस्पताल तथा नेपाल मेडिकल कलेज अस्पतालमा, डा.अशोक गुप्ताको टीम भक्तपुरमा, डा विशाल पाण्डेको नेतृत्वमा किर्तिपुर मच्छेगाँउमा, डा. प्रेम श्रेष्ठको टीम गोरखाको उत्तरी क्षेत्रमा ७ दिनसम्म, डा. अशोक गुप्ताको टीम भक्तपुर र सिन्धुपाल्चोक बाँसखर्क, हेलम्बुमा, डा. बरुण राईको टीम सिन्धुपाल्चोकको मेलम्ची, दाप, गुन्सा,बरुवा, मोटाङकोट मा, चिरायु नेशनल अस्पताल सिन्धुपाल्चोकमा, अमेरिकन टीम Rubicon सिन्धुपाल्चोकको हेलम्बुमा, नेपाल मेडिकल कलेज अत्तरखेलले कोभ्रको बालुवापाटामा, Islam Sang Nepal संग मिलेर Turkies team भक्तपुर न.पा.बाट संचालित अस्पताल, Norvic Hospital को टीम Norvic Hospital को सिन्धुपाल्चोकको बाह्मण गा.बि.स.मा , American Clarion Multi Cluster धादिङको सिरतुङमा,
CMAT Canadian गोरखाको बालुवा गा.बि.स.मा China Army Team सिंहदरबार ब्यारेक भित्र, लगनखेल महिल अधिकार बिकास केन्द्र सिन्धुपाल्चोक, Sustaiable development centre सिन्धुपाल्चोकको किउल गा.बि.स.मा Nepalese Nursing Association UK सिन्धुपाल्चोकमा आज परिचालित भएका छन
- मकवानपुर जिल्लामा हालसम्म कुनै प्रकारको महामारी रोग कुनै पनि स्थानमा नदेखिएको कुरा जिल्ला जनस्वास्थ्य कार्यालय मकवानपूरले जनाएको छ ।

## २.उपकरण र औषधि पठाईएको स्थानहरु

- स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले भूकम्पबाट प्रभावित जिल्लाका बिभिन्न स्वास्थ्य संस्थाहरुमा निरन्तर रुपमा औषधि र उपकरणहरु पठाईरहेको छ ।

- Panacea Biotech India, अल्जेरिया, पाकिस्तान, बंगलादेश विभिन्न संस्थाहरुबाट विभिन्न प्रकारका औषधिहरु प्राप्त भएको छ।
- WNCSB Bangladesh लगायतबाट प्राप्त औषधिहरु जिल्ला स्वास्थ्य कार्यालय सिन्धुपाल्चोक, ओखलढुंगा, धादिङ, ललितपुर, भक्तपुर, नुवाकोट APF अस्पताल, मनामोहन सामुदायिक मेमोरियल अस्पताल फर्पिङमा वितरण गरियो। यसका साथै विभिन्न १३ वटा जिल्ला तथा अन्तर्गतका स्वास्थ्य संस्थाहरुमा परिचालन हुने टिमहरुको लागि आकस्मिक स्वास्थ्य उपचार कीट वितरण गरियो।
- केन्द्रिय दैबि प्रकोप उद्धारकोषबाट प्राप्त रु २ करोड र नेपाल सरकारको रु १ करोड ३० लाख गरी हालसम्म जम्मा रु ३ करोड ५८ लाख रुपैयाँ बजेट औषधि उपकरण र प्रकोप नियन्त्रण कार्यमा मात्र खर्च गर्ने गरी बाँडफाँड गरेर मिति २०७१।१।१९ गते नै विभिन्न स्वास्थ्य संस्थाहरुमा पठाई सकिएको छ

## ३. उपचार गरिएको बिरामी तथा घाइतेको संख्या

- मिति २०७२/०१/२० गतेसम्म उपचार पाएका घाईते तथा विरामीको जम्मा संख्या: १९,५६० रहेको छ। स्थान र जिल्ला अनुसार घाईते तथा विरामीको जम्मा संख्या देहाय बमोजिम रहेको छ।

| | |
|---|---|
| • धादिङ ८०४ | • गोरखा ३७२ |
| • सिन्धुपाल्चोक १५५० | • रसुवा ६०० |
| • दोलखा २१६ | • मकवानपुर ३०० |
| • नुवाकोट ४४०६ | • काठमाण्डौ मेडिकल कलेज दुवाकोट ८९८ |
| • निजामती अस्पताल २२०० | • लमजुङ १९३ |
| • भक्तपुर २५०६ | • बीर अस्पताल ५७५ |
| • रामेछाप २०० | • ओखलढुङगा ८८ |
| • काभ्रे ४१०८ | • काठमाण्डौं उपत्यकाका खुला शिविरमा परिक्षण गरिएको घाईते तथा विरामीको संख्या ४११ भन्दा बढी छ। |
| • सिन्धुली १३३ | |

## ४. महामारी रोकथामका लागि गरिएको प्रयासहरु

- स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले ५९ जना well Equipped Chinese Public Health Experts हरुसंग मिलेर भूकम्पबाट प्रभावित विभिन्न जिल्लाहरुमा गई महामारी फैलिन नदिनको लागि विभिन्न किसिमका जनचेतनामूलक र Out Break Prevention सम्वन्धि कार्यहरु संचालन गरिरहेका छन।
- नेपाली चलचित्र कलाकारहरुले भूकम्प प्रभावित काठमाण्डौं, ललितपुर र भक्तपुरमा जनचेतना कार्यक्रम संचालनलाई निरन्तरता दिई कार्य गर्न टीम बनाई खटिएका छन्। सो कलाकार टोलीहरुले महामारीजन्य रोगहरु रोकथाम तथा दादुरा र रुबेला खोप बालबालिकालाई लगाउनको लागि जनचेतना जगाउने कार्यमा खटिने छन् साथै सो कार्यक्रमको लागि उपलब्ध भएको स्वास्थ्य सूचना सामग्रीहरुको बितरण तथा माईकिङ द्वारा समेत सचेतना फैलाउने कार्यमा समेत सहयोग गर्नेछन्।

## ५. औषधि तथा स्वास्थ्यकर्मीको व्यवस्था र अन्य विषय

स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले भूकम्पबाट प्रभावित विरामी तथा घाइतेहरुको उपचार तथा सूचनाको उपलब्धतामा सहजताका लागी टोल फी नं १६६००१३३४४४ आजदेखि संचालनमा ल्याएको छ। यदि कुनै ठाँउबाट स्वास्थ्य सम्बन्धि जानकारी लिन वा दिन परेमा माथि दिएको टोल फ्रि नम्बरमा २४ सै घण्टा सम्पर्क गर्नु हुन अपिल गरिएको छ।

## ६. मन्त्रालयको निर्णयहरु:

१. दैवी प्रकोप उद्दार ऐन, २०३९ को दफा (५)(ख)(२) अनुसारका संयोजक स्वास्थ्य तथा जनसंख्या मन्त्री श्री खगराज अधिकारीद्वारा यस मन्त्रालयका सचिव श्री शान्त वहादुर श्रेष्ठलाई सदस्य सचिवमा तोकियो।

२. दैवी प्रकोप उद्दार ऐन, २०३९ को दफा (५)(ख)(१) अनुसारको उपसमितिलाई सहयोग गर्न तपसिल बमोजिमको कार्य समिति गठन गर्ने निर्णय गरियो।

क) स्वास्थ्य तथा जनसंख्या सचिव,श्री शान्त बहादुर श्रेष्ठ - संयोजक

ख) डा. पदम बहादुर चन्द, स्वास्थ्य तथा जनसंख्या मन्त्रालय - सदस्य

ग) स्वास्थ्य सेवा विभागका महानिर्देशक डा. सेनेन्द्रराज - सदस्य
घ) सहसचिव, श्रीकृष्ण नेपाल, स्वास्थ्य तथा जनसंख्या मन्त्रालय - सदस्य
ङ) डा. बाबुराम मरासिनी,
निर्देशक, ईपिडिमियोलोजी तथा रोग नियन्त्रण महाशाखा - सदस्य
च) डा. भिमसिंह टिंकरी, निर्देशक, आपूर्ति व्यवस्था महाशाखा -सदस्य
छ) नेपाली सेना -अधिकृत प्रतिनिधि
ज) नेपाल प्रहरी -अधिकृत प्रतिनिधि
झ) विश्व स्वास्थ्य संगठन - प्रतिनिधि

कार्य विवरण

कार्यसमितिले उपसमितिको संयोजकत्वको निर्देशनमा रही स्वास्थ्यकर्मि चिकित्सक परिचालन उपचारको व्यवस्थापन स्वस्थ्य संस्था पुर्नस्थापना, डिस्चार्ज भएका व्यक्तीहरुको व्यवथापन, कोषको व्यवस्था, सम्भावित संक्रमणको व्यवथापन लगायत आवश्यक व्यवस्था गर्नेछ ।

३. रेपिड रेस्पोन्स टिमको संरचना वडास्तर सम्म पुऱ्याउन कम्यूनीटि रेपिड रेस्पोन्स टिमको अवधारण विकास गरी क्रमश: लागु गर्ने निर्णय गरियो ।

४. भुकम्पबाट क्षतीग्रस्त गा.वि.स.हरुमा टेण्टको व्यवस्था सहित स्वास्थ्य संस्था संचालन गरी निरन्तरता दिने र यता स्वास्थ्य सस्थाहरुमा १ जना न्यूनतम एम.वि.वि.एस. डाक्टर करारमा लिन साथै रिक्त दरबन्दी भए तुरुन्त पदपूर्ति गर्ने व्यवस्था मिलाउने ।

५. Hub Hospital हरुमा विषेशगरी नीजि अस्पालहरुले हालको विपत व्यवस्थापन गरेको कार्य पुनरावलोकन गरी २ दिन भित्र प्रतिवेदन दिन Hub Coordinator हरुलाई निर्देशन दिने र सम्पूर्ण अस्पतालहरुमा भुकम्पबाट चोटपटक लागेकाहरुको नि:शुल्क उपचारको व्यवस्थाको सुनिश्चितता नेपाल सरकारको नीति अनुसार गर्न लगाउने निर्णय गरियो । कुनै अस्पतालले शल्यक्रिया गर्न नभ्याउने अवस्थामा अर्को सक्षम अस्पतालमा बिरामीहरु हस्तान्तरणको व्यवस्था मिलाउने ।

६. हाल स्वदेशी तथा विदेशी मेडिकल टिमहरुले घाईतेको उपचारको लागि तयार भएको प्रोटोकल अनुसरण गरे नगरेको अनुगमन गरि प्रतिवेदन तयारगर्न हव हस्पिटल र मन्त्रालयबाट जिल्लामा खटिएका कोअर्डिनेटरहरुलाई जिम्मा दिने निर्णय गरियो ।

७. भूकम्पबाट घाईते भएका व्यक्तिको उपचारार्थ चाहिने सवै औषधि उपकरण तत्काल मौज्दात नभएकोले छिटो प्रक्रियाबाट खरिद गर्न केन्द्रिय दैबिक प्रकोप उद्धार समिति समक्ष वजेट माग गर्ने र यस्ता औषधि उपकरणहरु केही समय निरन्तर आवश्यक पर्ने हुँदा Global Appeal का लागि औषधि उपकरणको update लिष्ट तयार गरी परराष्ट्र मन्त्रालयमा लेखी पठाउने ।

८. धेरै स्वास्थ्य संस्थाहरु क्षतिग्रस्त भै सेवा संचालन गर्न सकिने अवस्था नभएको र ती स्वास्थ्य संस्थाको संचालन निरन्तर अपरिहार्य भएकोले तत्कालका लागि टेन्ट, पाल आदिको व्यवस्था गर्न केन्द्रिय दैवि प्रकोप उद्धार समितिमा अनुरोध गर्ने । साथै तत्काल छोटो अवधिमा वर्षायाम अगावै स्वास्थ्य संस्था..वनाउनु पर्ने हुँदा स्थानीय बस्तु, बाँस, जस्तापाता वा काठ, प्रिफेव्रिक बस्तु जे जस्तो उपयुक्त हुन्छ, प्रयोग गरी भवन निर्माण गर्न प्राविधिक तयारी गर्ने । आवश्यक बजेट बुद्धिजीबी, गैर सरकारी, अन्तराष्टिय दाता संग सहयोग माग्न केन्द्रिय दैवि प्रकोप उद्धार समितिमा अनुरोध गर्ने ।

९. भूकम्प पिडित घाईते उपचार भई अस्पतालवाट डिस्चार्ज भएर फर्किने व्यक्तिहरुको घर जिल्लामा भए फिर्ता हुन सरकारले व्यवस्थ गर्ने र कोही आफन्त नभएको अवस्थामा काठमाण्डौं उपत्यकाका व्यक्तिहरुको हकमा काठमाण्डौं उपत्यका भित्र र बाहिर जिल्लाहरुमा सम्वन्धित जिल्ला सदरमुकाममा पुनर्स्थापना केन्द्रको व्यवस्था गर्न केन्द्रिय दैबिक प्रकोप उद्धार समितिलाई अनुरोध गर्ने ।

१०. भूकम्पबाट उत्पन्न महाविपत्तिमा सहयोग पुऱ्याउने नेपाली सेना, नेपाल प्रहरी, शशस्त्र प्रहरी, निजामति कर्मचारी, सबैं चिकित्सक, स्वास्थ्यकर्मी, नीजिक्षेत्र, गै.स.स. नागरिक समाज, कलाकर्मि, शिक्षण संस्थाहरु, संचारकर्मिहरु सबै व्यक्तिलाई हार्दिक अनुरोध गर्दछ ।

डा. गुणराज लोहनी
सदस्य सचिव एवं प्रवक्ता
विपद व्यवस्थापनको लागि केन्द्रिय समन्वय समिति
स्वास्थ्य तथा जनसंख्या मन्त्रालय